## सुख शान्ति र खुसी को आधार– पवित्रता

आज बापदादाले आफ्ना चारैतिरका सर्व होलीनेस र हेपीनेस बच्चाहरूलाई देखिरहनु भएको छ। यति ठूलो संगठित रूपमा यस्तो होली र हेप्पी दुवै विशेषता भएको यो सारा ड्रामा भित्र अरू कुनै यति ठूलो सभा वा यति धेरै संख्या हुनै सक्दैन। आजकल कसैलाई हाइनेस वा होलीनेसको टाइटल दिइहाले तापनि प्रत्यक्ष प्रमाणको रूपमा हेर्यौं भने तिनीहरूमा त्यो पवित्रता, महानता देखिँदैन। बापदादाले हेरिरहनु भएको थियो– यति महान पवित्र आत्माहरूको संगठन कहाँ हुन सक्छ। हरेक बच्चाहरू भित्र यो दृढ संकल्प छ– न केवल कर्मले, मन-वाणी-कर्म तीनैबाट पवित्र बन्नु नै छ। त्यसैले यस्तो पवित्र बन्ने श्रेष्ठ संकल्प अन्यत्र कतै पनि हुनै सक्दैन। अविनाशी हुन सक्दैन, सहज हुन सक्दैन। तर तिमीहरू सबैले पवित्रता धारण गर्ने कति सहज सम्झन्छौ किनकि बापदादाद्वारा ज्ञान मिल्यो र ज्ञानको शक्तिले जान्यौ– म आत्माको अनादि र आदि स्वरूप हो नै पवित्रता। जब आदि अनादि स्वरूपको स्मृति आयो तब यही स्मृतिले समर्थ बनाएर सहज अनुभव गराइरहेको छ। जान्यौ– हाम्रो वास्तविक स्वरूप पवित्रता हो। यो संगदोषको स्वरूप अपवित्रता हो। त्यसैले वास्तविकलाई अपनाउन सहज भयो नि।

स्वधर्म, स्वदेश, स्वको पिता र स्व स्वरूप, स्वकर्मको ज्ञान मिलेको छ। त्यसैले ज्ञानको शक्तिले मुश्किल अति सहज भएको छ। जुन कुरालाई आजकलका महान आत्मा कहलाउनेहरूले पनि असम्भव सम्झन्छन्, अस्वाभाविक सम्झन्छन् तर तिमी पवित्र आत्माहरूले त्यो असम्भवलाई कति सजिलो अनुभव गर्यौ। पवित्रतालाई अपनाउन सजिलो छ वा मुश्किल छ? सारा विश्वको अगाडि चुनौति दिएर भन्न सक्छौ– पवित्रता त हाम्रो स्व-स्वरूप हो। पवित्रताको शक्तिको कारणले जहाँ पवित्रता हुन्छ त्यहाँ सुख र शान्ति स्वतः हुन्छ। पवित्रता फाउण्डेशन हो। पवित्रतालाई माता भनिन्छ अनि सुख र शान्ति उनका बच्चा हुन्। त्यसैले जहाँ पवित्रता हुन्छ त्यहाँ सुख शान्ति स्वतः नै हुन्छ त्यसैले सुखी पनि छौ। कहिल्यै उदास हुन सक्दैनौ। सदा खुसी रहनेहरू हौ। जहाँ पवित्रता हुन्छ त्यहाँ सुख पनि अवश्य हुन्छ। पवित्र आत्माहरूको निशानी सदा खुसी हो। त्यसैले बापदादाले देखिरहनु भएको छ– कति निश्चय बुद्धि पावन आत्माहरू बसेका छन्। दुनियाँका मानिस सुख शान्तिको पछाडि दौडधुप गरिरहेका छन्। तर सुख शान्तिको फाउण्डेशन नै पवित्रता हो। त्यो फाउण्डेशनलाई जानेका छैनन् त्यसैले पवित्रताको फाउण्डेशन मजबुत नएको कारणले अल्पकालको सुख शान्ति प्राप्त भइहाल्यो भने पनि अहिले भर्खरै हुन्छ, भर्खरै फेरि हुँदैन। सदाकालको सुख शान्तिको प्राप्ति पवित्रता विना असम्भव छ। तिमीहरूले फाउण्डेशनलाई अपनाएका छौ त्यसैले सुख शान्तिको लागि भागदौड गर्नु पर्दैन। सुख-शान्ति पवित्र आत्माहरूको पासमा स्वयं स्वतः नै आउँछ। जसरी बच्चा आमाको पासमा स्वतः नै जान्छन् नि। जतिसुकै छुटाऊ तर आमाको पासमा अवश्य जान्छन्। त्यसैले सुख शान्तिको जननी हो पवित्रता। जहाँ पवित्रता हुन्छ त्यहाँ सुख-शान्ति, खुसी स्वतः नै आउँछन्। त्यसैले के बन्यौ? बेगमपुरको बादशाह। यो पुरानो दुनियाँको बादशाह होइन तर बेगमपुरको बादशाह। यो ब्राह्मण परिवार बेगमपुर अर्थात् सुखको संसार हो। त्यसैले यो सुखको संसारमा बेगमपुरको बादशाह बन्यौ। हिज होलीनेस हौ नि। श्रीपेच पनि छ र गद्दी पनि छ। बाँकी के कमी छ! कति राम्रो श्रीपेच छ। प्रकाशको श्रीपेच पवित्रताको निशानी हो र बापदादाको दिलतख्तनशीन छौ। त्यसैले बेगमपुरको बादशाहको श्रीपेच पनि भिन्नै र गद्दी पनि भिन्नै छ। बादशाही पनि भिन्नै र बादशाह पनि भिन्नै छौ।

आजकलका मनुष्य आत्माहरूले यति दौडधुप गरेको देखेर बापदादालाई पनि बच्चाहरू माथि दया लाग्छ। कति प्रयत्न गरिरहन्छन्। प्रयत्न अर्थात् दौडधुप, मेहनत पनि धेरै गर्छन् तर प्राप्ति के हुन्छ? सुख भयो भने पनि सुखको साथमा कुनै न कुनै दुःख पनि मिसिएको हुन्छ। अरू केही भएन भने पनि अल्पकालको सुखको साथमा चिन्ता र भय, यी दुई चीज त हुन्छन् नै। त्यसैले जहाँ चिन्ता हुन्छ त्यहाँ चैन हुन सक्दैन। जहाँ भय हुन्छ त्यहाँ शान्ति हुन सक्दैन। त्यसैले सुखको साथमा यी दुःख अशान्तिको कारण त हुन्छन् नै तर तिमीहरू सबैलाई दुःखको कारण र निवारण मिलेको छ। अहिले तिमीहरू समस्यालाई समाधान गर्ने समाधान स्वरूप बनेका छौ नि। समस्याहरू तिमीहरूसँग खेल्नको लागि खेलौना बनेर आउँछन्। खेल गर्नको लागि आउँछन्, न कि डर देखाउनको लागि। आत्तिनेवाला त होइनौ नि। जहाँ सर्व शक्तिहरूको खजाना जन्म-सिद्ध अधिकार छ भने बाँकी कमी के

रह्‌यो? भरिपूर्ण छौ नि। मास्टर शर्वशक्तिमानको अगाडि समस्या केही पनि होइन। हात्तिको पाउको तल यदि कमिला आयो भने देखिन्छ? त्यसैगरी यी समस्याहरू पनि तिमी महारथीहरूको अगाडि कमिला समान हुन्। खेल सम्झिनाले खुसी हुन्छ, जति ठूलो कुरा पनि सानो हुन जान्छ। जसरी आजकल बच्चाहरूलाई कुनचाहिँ खेल खेलाउँछन्– बुद्धिको। जस्तै बच्चाहरूलाई हिसाब गर्न दियो भने दिक्क हुन्छन्। तर खेलको रीतिले हिसाब दियो भने खुसी-खुसीले गर्छन्। त्यसैले तिमीहरू सबैलाई पनि समस्या कमिलो बराबर हुन्छ नि। जहाँ पवित्रता, सुख शान्तिको शक्ति हुन्छ त्यहाँ स्वप्नमा पनि दु:ख अशान्तिको लहर आउन सक्दैन। शक्तिशाली आत्माको अगाडि यी दु:ख र अशान्तिले हिम्मत राख्न सक्दैनन् सम्मुख आउन। पवित्र आत्माहरू सदा हर्षित रहने आत्माहरू हुन्, यो सदा स्मृतिमा राख। अनेक प्रकारका समस्याहरूसँग भट्किनबाट, दु:ख अशान्तिको जालबाट निस्किएर आयौ किनकि केवल एउटा दु:ख आउँदैन। एउटा दु:ख पनि वंशावलीको साथमा आउँछ। त्यसैले त्यो जालबाट निस्किएर आयौ। आफूलाई यस्तो भाग्यवान सम्झन्छौ नि!

आज अष्ट्रेलियाका बसेका छन्। अष्ट्रेलिया निवासीको बापदादाले सदा तपस्या र महादानी-पनको विशेषताको वर्णन गर्नुहुन्छ। सदा सेवाको लगनको तपस्याले अनेक आत्माहरूलाई र तिमी तपस्वी आत्माहरूलाई फल दिइरहेको छ। धरनी प्रमाण विधि र वृद्धि दुवैलाई देखेर बापदादा एक्स्ट्रा खुसी हुनुहुन्छ। अस्ट्रेलिया हो नै एक्स्ट्रा अर्डिनरी। सेवाको लागि सबैमा त्यागको भावना धेरै छिटो आउँछ त्यसैले त यति सेन्टरहरू खुलेका छन्। जसरी हामीलाई भाग्य मिलेको छ, त्यसैगरी अरूको भाग्य बनाउनु छ। दृढ संकल्प गर्नु, यो तपस्या हो। त्यसैले त्याग र तपस्याको विधिले वृद्धि प्राप्त गरिरहेका छौ। सेवा भावले अनेक हदको भावलाई समाप्त गरिदिन्छ। यही त्याग र तपस्या सफलताको आधार बनेको छ, बुझ्यौ! संगठनको शक्ति छ। एकले भन्यो र अर्कोले गर्यो। यस्तो होइन एउटाले भन्ने र अर्कोले यो त हुन सक्दैन भन्ने। यस्तोमा संगठन टुट्छ। एकले भन्ने र अर्कोले उमंगले सहयोगी बनेर प्राक्टिकलमा ल्याउने, यो हो संगठनको शक्ति। पाण्डवहरूको पनि संगठन छ तर कहिल्यै तेरो-मेरो... हुँदैन। जब बाबा बाबा भन्छौ तब सबै कुरा समाप्त हुन्छ। खिटपिट हुन्छ नै तँ, म, मेरो, तेरोमा। बाबालाई सामुन्ने राख्यौ भने कुनै पनि समस्या आउन सक्दैन र सदा निर्विघ्न आत्माहरूले तीव्र पुरुषार्थद्‌वारा उड्ती-कलाको अनुभव गर्छन्। लामो समयदेखिको निर्विघ्न स्थितिबाट नै मजबुत स्थिति बन्छ। बारम्बार विघ्नको वशमा जो हुन्छन् तिनीहरूको फाउण्डेशन कच्चा हुन्छ र लामो समयदेखिका निर्विघ्न आत्माहरू फाउण्डेशन पक्का भएको कारणले स्वयं पनि शक्तिशाली हुन्छन् र अरूलाई पनि शक्तिशाली बनाउँछन्। कुनै पनि चीज टुटेकोलाई जोड्यौ भने त्यो कमजोर हुन्छ। लामो समयका शक्तिशाली आत्मा, निर्विघ्न आत्माहरू अन्त्यमा पनि निर्विघ्न बनेर सम्मान सहित पास हुन्छन् अथवा पहिलो श्रेणीमा आउँछन्। त्यसैले सदा यही लक्ष्य राख– धेरैकालको निर्विघ्न स्थितिको अनुभव अवश्य गर्नु छ। यस्तो नसम्झ– विघ्न आयो मेटियो। के भयो र! तर बारम्बार विघ्न आउँछन् र मेटाइरहन्छौ भने यस्तोमा समय खेर जान्छ। शक्ति खेर जान्छ। त्यो समय र शक्ति सेवामा लगायौ भने एकको पदम जम्मा हुन्छ। त्यसैले लामो समयका निर्विघ्न आत्माहरू विघ्न विनाशकको रूपमा पुजिन्छन्। विघ्न-विनाशक टाइटल पूज्य आत्माहरूको हो। म विघ्न-विनाशक पूज्य आत्मा हुँ– यस स्मृतिले सदा निर्विघ्न बनेर अगाडि उड्ती कलाद्‌वारा उड्दै जाऊ र उडाउँदै जाऊ। बुझ्यौ? आफ्नो विघ्नलाई त विनाश गर्यौ तर अब अरूको लागि विघ्न-विनाशक बन्नु छ। हेर तिमीहरूलाई निमित्त आत्मा पनि यस्तो मिलेको छ (निर्मला डक्टर) जो सुरुदेखि लिएर कुनै पनि विघ्नमा आइनन्। सदा न्यारी र प्यारी रहिन्। अलिकति कडा रहन्छिन्। यो पनि आवश्यक छ। यस्तो कडा टिचर नभएको भए यति वृद्धि हुँदैनथ्यो। यस्तो आवश्यक पनि हुन्छ। जसरी तीतो दवाई पनि बिरामीको लागि आवश्यक हुन्छ नि। ड्रामा अनुसार निमित्त आत्माहरूको पनि सङ्ग त लाग्छ नै। जसरी स्वयं आउनासाथ नै सेवाको लागि निमित्त बनिन्। अस्ट्रेलियामा पनि आउनासाथ नै सेन्टर खोल्ने सेवामा लागिन्। यो त्यागको भावनाको भाइब्रेशनले सारा अस्ट्रेलिया र जति पनि सम्पर्कका स्थान छन् तिनीहरूमा पनि त्यही रूपमा वृद्धि भइरहेको छ। तपस्या र त्याग जसमा छ ऊ नै श्रेष्ठ आत्मा हो। तीव्र पुरुषार्थी त सबै आत्माहरू छन् तर पुरुषार्थी हुँदा हुँदै पनि विशेषताले आफ्नो प्रभाव अवश्य राख्छ। सम्पन्न त अहिले सबै बनिरहेका छन् नि। सम्पन्न बनिसकेको सर्टिफिकेट कसैलाई मिलेको छैन। तर सम्पन्नताको समीप पुगेका छन्, यसमा पनि नम्बरवार छन्। कोही धेरै समीप पुगेका छन्, कोही नम्बरवार अगाडि पछाडि छन्। अस्ट्रेलियाका लक्की छन्। त्यागको बीजले भाग्य प्राप्त गराइरहेको छ। शक्ति सेना पनि बापदादालाई अति प्रिय छन् किनकि हिम्मत भएका छन्। जहाँ हिम्मत हुन्छ त्यहाँ बापदादाको मदत सदा साथ हुन्छ। सदा सन्तुष्ट रहनेवाला हौ नि! सन्तुष्टता सफलताको आधार हो। तिमीहरू सबै सन्तुष्ट आत्मा हौ त्यसैले सफलता तिम्रो जन्मसिद्ध अधिकार

हो। बुझ्यौ! त्यसैले अस्ट्रेलियाका सबैभन्दा नजिक र प्रिय छौ र एक्स्ट्रा स्नेह पनि छ। अच्छा।

**“ अव्यक्त-बापदादा” रिभाइज २२-०३-८६**

**अव्यक्त मुरलीहरूबाट चुनिएका महावाक्यहरू ( प्रश्न-उत्तर )**

**प्रश्नः–** शक्ति सेनाको नाम सारा विश्वमा कहिले प्रसिद्ध हुन्छ?

**उत्तरः–** जब संगठित रूपमा एकरस स्थिति वा एउटै शुद्ध संकल्पमा स्थित हुने अभ्यास हुन्छ। संगठनमा कुनै एक जनाको पनि अर्को संकल्प नहोस्। सबै एउटै लगन, एउटै नै अशरीरी बन्ने शुद्ध संकल्पमा स्थित हुने अभ्यासी बन्छौ तब सारा विश्वमा शक्तिसेनाको नाम प्रसिद्ध हुनेछ।

**प्रश्नः–** स्थूल सैनिकहरू युद्धको मैदानमा कुन आधारमा विजयी हुन्छन्? तिम्रो विजयको नगरा कहिले बज्छ?

**उत्तरः–** स्थूल सैनिकहरू जब युद्धको मैदानमा जान्छन्, तब एकको आदेशमा चारैतिर आफ्ना गोली चलाउन सुरु गर्छन्। एउटै समयमा, एकको आदेशमा चारैतिर घेरा हाल्छन् तब विजयी बन्छन्। त्यसैगरी रूहानी सेनाहरू संगठित रूपमा एकको इशारामा र एक सेकेण्डमा जब सबै एकरस स्थितिमा स्थित हुन पुग्छन्, तब नै विजयको नगरा बज्नेछ।

**प्रश्नः–** बाबाको कुनचाहिँ आदेशलाई प्राक्टिकलमा ल्याउन एवररेडी बन्यौ भने कलियुगी पर्वत उठ्छ?

**उत्तरः–** बाबाले यही आदेश दिनुहुन्छ– एक सेकेण्डमा सबै एकरस स्थितिमा स्थित होऊ। जब सबैका सर्व संकल्पहरू एक संकल्पमा समाहित हुन्छन् तब यो कलियुगी पर्वत उठ्ने छ। त्यो एक सेकेण्ड सदाकालको सेकेण्ड हुनु पर्छ। यस्तो होइन– एक सेकेण्ड स्थित हुने र फेरि तल आउने।

**प्रश्नः–** हरेक ब्राह्मण बच्चाहरूको जिम्मेवारी के हो?

**उत्तरः–** सारा संगठनलाई एकरस स्थितिमा स्थित गराउन सहयोगी बन्ने– यो हरेक ब्राह्मणको जिम्मेवारी हो। जसरी अज्ञानी आत्माहरूलाई ज्ञानको उज्यालो दिनको लागि सदैव शुभ भावना वा कल्याणको भावना राख्दै प्रयत्न गरिरहन्छौ। त्यसैगरी आफ्नो यो दैवी संगठनलाई एकरस स्थितिमा स्थित गर्न वा संगठनको शक्तिलाई बढाउनको लागि एक-अर्का प्रति भिन्न-भिन्न रूपले प्रयत्न गर। यसको योजना बनाऊ। म आफ्नो हिसाबले ठीकै छु भनेर त्यसै खुसी नहुनु।

**प्रश्नः–** परमात्म ज्ञानको विशेषता के हो?

**उत्तरः–** संगठनको शक्ति नै यो परमात्म ज्ञानको विशेषता हो। यो ब्राह्मण संगठनको विशेषता देवता रूपमा प्राक्टिकलमा एक धर्म, एक राज्य, एक मतको रूपमा चल्छ।

**प्रश्नः–** कुन एक कुराको सम्पूर्ण परिवर्तनले नै सम्पूर्णतालाई समीप ल्याउँछ?

**उत्तरः–** हरेकमा जुन देह अभिमानको मूल संस्कार छ, जसलाई तिमीहरूले स्वभाव भन्छौ, त्यो संस्कार अंश मात्र पनि नरहोस्। आफ्नो यो संस्कारलाई परिवर्तन गरेर बापदादाको संस्कार धारण गर्नु– यही अन्तिम पुरुषार्थ हो।

**प्रश्नः–** बापदादाको प्रत्यक्षता कुन आधारमा हुन्छ?

**उत्तरः–** जब एक-एकमा बापदादाको संस्कार देखिन्छ। बापदादाको संस्कारलाई अनुसरण गरेर, उहाँ समान बन्यौ

भने समय र शक्ति बच्छ र सारा विश्वमा बापदादालाई सजिलै प्रत्यक्ष गर्न सक्छौ। भक्तिमार्गमा त केवल भनाई छ– जहाँ हेर्छु त्यहाँ तिमी नै तिमी छौ तर यहाँ यथार्थमा जहाँ हेरे पनि, जसलाई हेरे पनि, त्यहाँ बापदादाको संस्कार नै देखियोस्।

**वरदानः–** **रोबको अंशलाई पनि त्याग गर्ने वाला स्वमानधारी पुण्य आत्मा भव**

स्वमानधारी बच्चाहरू सबैलाई मान दिने दाता हुन्छन्। दाता अर्थात् रहमदिल। तिनीहरूमा कहिल्यै कुनै पनि आत्मा प्रति संकल्प मात्रमा पनि रोब हुँदैन। यो यस्तो किन? यस्तो गर्नु हुँदैन, गर्न नहुने हो, ज्ञानले यो भन्छ र?... यो पनि सूक्ष्म रोबको अंश हो। तर स्वमानधारी पुण्य आत्माले गिरेकालाई उठाउँछन्, सहयोगी बनाउँछन्। तिनीहरूले कहिल्यै यो संकल्प पनि गर्न सक्दैनन्– यिनीहरूले कर्मको फल भोगिरहेका छन्, गर्छन् भने अवश्य पाउँछन्... यिनीहरू गिर्नु नै पर्छ...। यस्तो संकल्प तिमी बच्चाहरूको हुन सक्दैन।

**स्लोगनः–** सन्तुष्टता र प्रसन्नताको विशेषताले नै उड्ती कलाको अनुभव गराउँछ।